# कान्क्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com








❑ वर्ष : २५ ❑ अंक : २५८ ❑ मंगलवार, १६ असार, २०८३ ❑ Tuesday, 30 June 2026 ❑ नेपाल संवत ११४६ ❑ पृष्ठ : ४ ❑ मूल्य : रु. १०


## कर्णालीमा २८ प्रतिशत रोपाइँ सम्पन्न,

# जलवायुमैत्री प्रविधिमार्फत धान उत्पादन बढाउन जोड

***कर्णालीमा यस वर्ष ४३ हजार २ सय ९० हेक्टरमध्ये हालसम्म २८.१५ प्रतिशत क्षेत्रमा मात्रै रोपाइँ सम्पन्न भएको छ। जुम्ला, डोल्पा र हुम्लामा रोपाइँ तीव्र गतिमा अघि बढेको भए पनि दैलेख र सुर्खेतमा वर्षा ढिलाइका कारण रोपाइँ सुस्त रहेको छ।***

❑ **कान्क्रेविहार संवाददाता**
सुर्खेत, १५ असार

जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि, भन्ने मूल नारासहित २३औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव-२०८३ कर्णाली प्रदेशमा विविध कार्यक्रम गरी मनाइएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश र कृषि अनुसन्धान निर्देशनालय दशरथपुरको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा धान उत्पादन वृद्धि, जलवायु अनुकूल कृषि प्रविधिको विस्तार तथा खाद्यान्न आत्मनिर्भरतामा जोड दिइएको हो।

कार्यक्रममा कृषि विकास निर्देशनालय सुर्खेतका निर्देशक चित्रबहादुर रोकायले धान नेपालको प्रमुख खाद्यान्न बाली भएको उल्लेख गर्दै उत्पादन र उत्पादकत्व बढाउन जलवायुमैत्री प्रविधिको प्रयोग अपरिहार्य भएको बताए। उनका अनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक घरधुरीमध्ये २७ लाख ६५ हजार धान खेतीमा संलग्न छन् भने कुल खेतीयोग्य जमिनको ५४ प्रतिशत क्षेत्रमा धान खेती गरिन्छ। कुल खाद्यान्न उत्पादनमा धानको योगदान करिब ५० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा करिब दुई खर्ब रुपैयाँ बराबरको योगदान रहेको उनले जानकारी दिए।

निर्देशक रोकायका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा देशभर १४ लाख



२० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिक टन धान उत्पादन भएको थियो। पछिल्लो पाँच वर्षमा धानको उत्पादकत्व प्रतिहेक्टर ३.८० मेट्रिक टनबाट बढेर ४.१९ मेट्रिक टन पुगे पनि वार्षिक आवश्यक करिब ७० लाख मेट्रिक टन धानमध्ये अझै १० लाख मेट्रिक टन अभाव रहेको उनले बताए।

कर्णाली प्रदेशमा गत आर्थिक वर्षमा ४० हजार ८ सय ८४ हेक्टर क्षेत्रफलमा करिब १ लाख ४७ हजार २ सय ५० मेट्रिक टन धान उत्पादन भएको थियो। प्रदेशको वार्षिक खाद्यान्न आवश्यकता करिब ३ लाख ४४ हजार ३ सय २४ मेट्रिक टन रहेकामा खुद उपभोगयोग्य खाद्यान्न ३ लाख २० हजार ८ सय ९० मेट्रिक टन मात्र उपलब्ध भएकाले करिब २३ हजार ४ सय ३४ मेट्रिक टन खाद्यान्न अपुग रहेको छ। यस वर्ष कर्णालीमा ४३ हजार २ सय ९० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने अनुमान गरिएकामा हालसम्म १२ हजार १ सय ५५ हेक्टर अर्थात् करिब २८.१५ प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ। जिल्लागत रूपमा जुम्लामा ९५ प्रतिशत, डोल्पामा ९२ प्रतिशत, हुम्लामा ७५ प्रतिशत र मुगुमा ६८ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। कालिकोट, सल्यान, रुकुम पश्चिम र जाजरकोटमा मध्यम गतिमा रोपाइँ भइरहेको छ भने दैलेख र सुर्खेतमा मनसुनी वर्षा तथा सिँचाइको अभावका कारण रोपाइँ अपेक्षाकृत सुस्त रहेको छ।

उक्त कार्यक्रममा कर्णाली प्रदेशका प्रदेश सचिव निधिराज न्यौपाने, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव सञ्जीवकुमार कर्ण, लेकबेसी नगरपालिकाकी उपप्रमुख बिमला खडलुक लगाए सहभागी थिए। कार्यक्रममा कृषि अनुसन्धान निर्देशनालय दशरथपुरका निर्देशक डा.देवनिधी तिवारीले जलवायु परिवर्तनको चुनौती सामना गर्न अनुसन्धानमा आधारित उन्नत तथा स्थानीय अनुकूल धानका जातको विकास, सिँचाइ विस्तार, गुणस्तरीय बीउबिजन, मलको सहज उपलब्धता र किसानमैत्री प्रविधि विस्तारमा जोड दिएको बताए।

उनले जुम्लाको विश्वप्रसिद्ध मार्सी धान कर्णालीको पहिचान भएको उल्लेख गर्दै चिसो सहन सक्ने स्थानीय जातको संरक्षण र प्रवर्द्धनसँगै मध्यपहाडी क्षेत्रमा खुमल-४, खुमल-८, खुमल-११, राधा-४, राधा-१२, मन्सुली, सावित्री, बिन्देश्वरीलगायतका जातको उत्पादन विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए।

नेपाल कृषि अनुसन्धान परिषद्ले विकास गरेका सुख्खा तथा डुबान सहन सक्ने धानका जात किसानसम्म पुऱ्याउने, वर्षाको पानी सङ्कलन, साना सिँचाइ आयोजना विस्तार र जलवायुमैत्री खेती प्रणालीलाई प्राथमिकता दिइए मात्र उत्पादन वृद्धि सम्भव हुने उनको भनाई थियो। असार १५ का अवसरमा सहभागीहरूले परम्पराअनुसार खेतमा रोपाइँ गर्दै दही-चिउरा खाएका थिए। हिलो खेल्ने, लोकगीत गाउने तथा दौड प्रतियोगिता प्रस्तुति सहित रोपाइँ महोत्सव मनाइएको थियो।

## विद्यार्थी सङ्गठनका संरचना हटाउन त्रिविको निर्देशन

❑ **कान्क्रेविहार संवाददाता**
काठमाडौं, १५ असार

त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले आफ्ना सम्पूर्ण विभागहरूबाट दलीय विद्यार्थी सङ्गठनका भौतिक तथा साङ्गठनिक संरचनाहरू हटाउने प्रक्रिया अगाडि बढाएको छ। त्रिवि शिक्षाध्यक्षको कार्यालय अन्तर्गतको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले सम्पूर्ण विभागीय प्रमुखहरूलाई पत्र जारी गर्दै यस विषयमा निर्देशन दिएको हो। विश्वविद्यालय अनुदान आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनात्मक पत्रका आधारमा त्रिविले यो कदम चालेको हो। शिक्षा क्षेत्रमा राजनीतिक दलको हस्तक्षेप अन्त्य गर्न, विद्यार्थीका वास्तविक समस्या र आवाजलाई सही ढङ्गले सम्बोधन गर्न तथा खस्कँदो शैक्षिक गुणस्तर सुधारका लागि यो निर्णय गरिएको निर्देशनालयका उप प्रशिक्षक सन्देश कुमार रेग्मीद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ।

निर्देशनअनुसार अबको ६० दिनभित्र विश्वविद्यालय तथा विद्यालय हाताभित्र रहेका दलीय विद्यार्थी सङ्गठनका संरचनाहरू पूर्ण रूपमा हटाइसक्नुपर्नेछ। त्यसैगरी, दलीय संरचना हटाइएको ९० दिनभित्र विद्यार्थीहरूको साझा र स्वतन्त्र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि 'स्टुडेन्ट काउन्सिल' वा 'भ्वाइस अफ स्टुडेन्ट' नामक नयाँ संयन्त्रको विकास गरिने जनाइएको छ। निर्देशनालयले यस कार्यलाई तोकिएको समय सीमाभित्रै सम्पन्न गरी सोको जानकारी यथाशीघ्र उपलब्ध गराउन समेत सबै विभागहरूलाई निर्देशनानुसार अनुरोध गरेको छ। यो निर्णय कार्यान्वयनका लागि उपकुलपति, शिक्षाध्यक्ष र रजिस्ट्रारको कार्यालयलाई समेत बोधार्थ पठाइएको छ।

## उपचारमा लापरबाहीको आरोपपछि प्रदेश अस्पतालमा छानबिन सुरु

❑ **कान्क्रेविहार संवाददाता**
सुर्खेत, १५ असार

वीरेन्द्रनगर नगरपालिका-१ निवासी मनिराम अधिकारीले प्रदेश अस्पताल सुर्खेतमा आफ्नी १८ वर्षीया छोरी हीरा अधिकारीको उपचारका क्रममा गम्भीर लापरबाही भएको आरोप लगाएका छन्। आइतबार साँझ आँपको रुखबाट लडेर घाइते भएकी हीरालाई राति करिब ९:३० बजे अस्पतालको आकस्मिक कक्षमा भर्ना गरिएको थियो।

उपचारका क्रममा चिकित्सकले एक्स-रे गर्न पठाएपछि अस्पतालको एक्स-रे कक्षमा पुगेका उनीहरूले अनपेक्षित समस्या भोग्नुपरेको मनिरामको भनाइ छ। उनका अनुसार



सामान्यतया केही मिनेटमै सकिने एक्स-रे गर्न एक घण्टाभन्दा बढी समय लगाइयो। पछि बुझ्दा एक्स-रे गर्ने कर्मचारी मदिरा सेवनको अवस्थामा रहेको आरोप उनले लगाए।

मनिरामका अनुसार चिकित्सकले कुहिनो र काँधको एक्स-रे गर्न पठाए पनि गलत रिपोर्ट तयार पारिएको थियो। उक्त रिपोर्ट लिएर चिकित्सककहाँ पुग्दा चिकित्सकले आवश्यक अङ्गको सट्टा अर्कै रिपोर्ट ल्याइएको भन्दै पुनः एक्स-रे गर्न पठाएको उनले बताए। मदिरा सेवन गरेका कर्मचारीका कारण बिरामीको हात अनावश्यक रूपमा चलाउँदा थप पीडा भएको उनको गुनासो छ।

यसबाहेक, एक्स-रे रिपोर्टको कभरसमेत नदिई हातमै रिपोर्ट थमाइएको र सामान्य आग्रह गर्दा कर्मचारीले दुर्व्यवहार गरेको आरोप पनि उनले लगाए। घटनापछि चिकित्सककै सल्लाहमा उनले अस्पताल प्रशासनलाई मौखिक गुनासो गरेका थिए।

यता प्रदेश अस्पताल प्रशासनले भने घटनामा केही कमजोरी भएको स्वीकार गरे पनि बिरामी पक्षले दाबी गरेजस्तो पूर्ण रूपमा गलत एक्स-रे


बाँकी पृष्ठ २


## अर्थमन्त्री वाग्लेको दाबी, १२ वर्षयताकै सबैभन्दा अनुशासित बजेट ल्याएका छौँ

❑ **कान्क्रेविहार संवाददाता**
काठमाडौं, १५ असार

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि ल्याएको बजेट पछिल्लो १२ वर्षयताकै सबैभन्दा अनुशासित रहेको दाबी गरेका छन्। सोमबार राष्ट्रियसभा बैठकमा विनियोजन विधेयक, २०८३ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री वाग्लेले वर्तमान बजेटको आकार प्रक्षेपित अर्थतन्त्रको आकारको २८ दशमलव ५ प्रतिशत मात्र रहेको उल्लेख गर्दै यो पछिल्लो १२ वर्षयताकै सबैभन्दा सानो र अनुशासित बजेट भएको बताए।



उनले बजेट कार्यान्वयनका विषयमा कुनै आशंका नगर्न आग्रह गर्दै कार्यान्वयनलाई प्रभावकारी बनाउन अर्थ मन्त्रालयको केन्द्रीकृत अधिकारलाई विकेन्द्रीकरण गरिएको जानकारी दिए।

विभिन्न मन्त्रालयका फाइल अर्थ मन्त्रालयमा घुमाउनुपर्ने पुरानो अभ्यास अन्त्य गर्दै रकमान्तरसहितका धेरै अधिकार सम्बन्धित मन्त्रालयलाई नै हस्तान्तरण गरिएको उनले स्पष्ट पारे।

अर्थमन्त्री वाग्लेले बजेटमा शिक्षा, स्वास्थ्य र विद्युत् क्षेत्रमा लगाइएको कर आमनागरिकको दीर्घकालीन हितलाई ध्यानमा राखेर तय गरिएको बताए। सरकारले महत्वाकांक्षी आर्थिक विकासको लक्ष्य पूरा गर्ने उद्देश्यअनुरूप बजेट ल्याएको उनको भनाइ थियो।

यसैबीच, राष्ट्रियसभाले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८३ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ। राष्ट्रियसभाको अर्को बैठक असार १७ गते बस्ने तय भएको छ।

सम्पादकीय

# बालिकाको भविष्य जोगाउने अभ्यास

कर्णालीमा गरिबी, अभिभावक गुमाएका बालबालिकाको संख्या र बालविवाह अझै पनि गम्भीर सामाजिक चुनौतीका रूपमा रहेका छन् । यस्ता समस्याको सबैभन्दा ठूलो मार आर्थिक रूपमा विपन्न र विशेष संरक्षणको आवश्यकता भएका बालिकाले बेहोर्नुपरेको छ । विद्यालय छोड्नुपर्ने, बालविवाहमा धकेलिनुपर्ने र उज्ज्वल भविष्य गुमाउनुपर्ने अवस्था अझै विद्यमान छ । यस्तो परिस्थितिमा दैलेखका नारायण नगरपालिका, दुल्लु नगरपालिका तथा सुर्खेतको चौकुने गाउँपालिकाले सुरु गरेको ' बालिका विशेष सहयोग कार्यक्रम' सामाजिक सुरक्षाको प्रभावकारी र अनुकरणीय अभ्यासका रूपमा देखिएको छ । विशेष संरक्षणको आवश्यकता भएका बालिकाको नाममा ३० हजार रूपैयाँ बैंकको मुद्दती खातामा जम्मा गर्ने र त्यसको ब्याजबाट शैक्षिक सामग्री खरिद गर्न सकिने व्यवस्था सामान्य आर्थिक सहयोग मात्र होइन, भविष्यप्रतिको लगानी हो । अझ पढाइ छाडे वा बालविवाह गरे रकम प्राप्त नहुने प्रावधानले बालिकालाई विद्यालयमै टिकाइराख्न र अभिभावकलाई जिम्मेवार बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । यसले शिक्षा र सामाजिक सुरक्षा दुवै उद्देश्यलाई एकैसाथ सम्बोधन गरेको छ ।

मिना बिक, आशिका कटुवाल, संगीता, तुल्सी र रविनाजस्ता बालिकाका कथा कर्णालीका हजारौं छोरीहरूको साझा यथार्थ हुन् । उनीहरूलाई तत्काल ठूलो रकमभन्दा पनि पढाइ निरन्तर राख्ने वातावरण, आत्मविश्वास र भविष्यप्रतिको आशा आवश्यक छ । यही दृष्टिले यो कार्यक्रम प्रभावकारी देखिएको छ। स्थानीय सरकारले सीमित स्रोतका बीच पनि सबैभन्दा जोखिममा रहेका बालिकालाई केन्द्रमा राखेर काम गर्नु सकारात्मक सन्देश हो । तर, यो कार्यक्रम तीन स्थानीय तहमा सीमित रहनु हुँदैन । प्रदेश सरकारले यसलाई नीतिगत रूपमा अपनत्व लिएर कर्णालीभर विस्तार गर्न आवश्यक छ । सबै नवजात छोरीलाई समान रूपमा सुविधा उपलब्ध गराउनेभन्दा सबैभन्दा बढी जोखिममा रहेका बालिकालाई लक्षित कार्यक्रम सञ्चालन गर्दा सीमित स्रोतबाट पनि ठूलो सामाजिक प्रतिफल प्राप्त गर्न सकिन्छ । यसका लागि दीर्घकालीन बजेट, स्पष्ट कार्यविधि र प्रभावकारी अनुगमन अपरिहार्य छन् ।

अभिभावकले उठाएको ३० हजार रूपैयाँको रकम बढाउनुपर्ने माग पनि सान्दर्भिक छ । वर्तमान मूल्यवृद्धिका कारण शिक्षा खर्च निरन्तर बढिरहेको अवस्थामा कार्यक्रमलाई समयानुकूल परिमार्जन गर्दै रकम वृद्धि गर्ने विषयमा पनि सरकार गम्भीर बन्नुपर्छ । साथै, आर्थिक सहयोगसँगै मनोसामाजिक परामर्श, छात्रवृत्ति, सीप विकास तथा उच्च शिक्षासम्म पहुँच सुनिश्चित गर्ने कार्यक्रम पनि जोड्न सके यसको प्रभाव अझ व्यापक बन्न सक्छ । जोखिममा परेका बालिकाको भविष्य सुरक्षित गर्नु केवल एउटा परिवारको दायित्व होइन, राज्यको पनि उत्तरदायित्व हो । एउटा सानो बैंक खाता उनीहरूको जीवनमा ठूलो परिवर्तनको आधार बन्न सक्छ भन्ने सन्देश यो कार्यक्रमले दिएको छ । त्यसैले यो अभ्यासलाई परीक्षण परियोजनामै सीमित नराखी कर्णालीभर र आवश्यक परे देशभर विस्तार गर्न सम्बन्धित निकायले पहल गर्नुपर्छ । बालिकाको शिक्षामा गरिएको लगानी नै समृद्ध, समान र न्यायपूर्ण समाज निर्माणको सबैभन्दा दिगो आधार हो ।

# सहकारीको बचत फिर्तामा कानुनी उल्झन र समाधानका व्यावहारिक उपाय



✍ गोपीकृष्ण न्यौपाने

> *ऋणीले लिएको ऋण फिर्ता नगरेसम्म र अध्यक्ष, कोषाध्यक्ष एवं सचिवलगायतका पदाधिकारीहरूले अपचलन गरेको रकम असुल नभएसम्म सरकारले कोषमा पैसा राखिदिएर मात्र दिगो समाधान हुँदैन।*

पछिल्लो समय सरकार सहकारी क्षेत्रका समस्या समाधान गर्न उद्यत देखिएको छ । समस्याग्रस्त सहकारीका साना बचतकर्ताहरूले आफ्नो बचत फिर्ता पाउन थालेका पनि छन् । तर, ऋणीले लिएको ऋण फिर्ता नगरेसम्म र अध्यक्ष, कोषाध्यक्ष एवं सचिवलगायतका पदाधिकारीहरूले अपचलन गरेको रकम असुल नभएसम्म सरकारले कोषमा पैसा राखिदिएर मात्र दिगो समाधान हुँदैन ।

सहकारीमा ठूलो संख्यामा सर्वसाधारणले बचत गरेका थिए । धेरै ब्याज पाउने आशमा बैंकबाट सस्तो दरमा कर्जा लिएर सहकारीमा जम्मा गर्नेहरू पनि थिए । अर्कोतर्फ, ठूला बचतकर्ताहरू जसको ठूलो परिमाणको अवैध रकम अरू कसैको नाममा जम्मा भएको अवस्था पनि थियो ।

समयमा बचत फिर्ता गर्न नसक्दा सहकारीमा जनविश्वास घट्दै गयो र विस्तारै वाणिज्य बैंकहरूमा निक्षेप बढ्न थाल्यो । बैंकमा तरलता बढेर लगानी हुन नसक्दा नेपाल राष्ट्र बैंकले कैयौं पटक बजारबाट पैसा खिच्नुपर्ने अवस्था समेत आयो । एकातिर निक्षेप बढ्दै जाँदा बचतकर्ताको ब्याजदर घट्दै गयो ।

लागत कम भएपछि ऋणको ब्याजदर घट्नु स्वाभाविक भए पनि बजार खुम्चिँदै गएकाले कर्जाको माग आशातित हुन सकेको छैन । उपभोक्ताको क्रयशक्ति घट्नु वा खरिद गर्ने इच्छाशक्तिमा कमी आउनु यसको कारण हुन सक्छ । अर्को मुख्य कारण, राष्ट्रले मानेको तीनखम्बे अर्थनीतिको एक खम्बा (सहकारी) मा धमिरा लाग्नु नै हो ।

अहिले धेरैजसो सहकारी जेनतेन सञ्चालनमा छन् भने केही ठूला सहकारी समस्याग्रस्त घोषणा भई व्यवस्थापन समितिको जिम्मामा पुगेका छन् । कतिपय सहकारीका मुख्य सञ्चालक फरार छन् र सरकारले मुद्दा चलाएको अवस्था छ । सञ्चालनमा रहेका सहकारीलाई नयाँ ढंगले नियमन र सहजीकरण गर्न सरकारले स्पष्ट नीति ल्याउनुपर्छ ।

व्यवस्थापन समितिको जिम्मामा रहेका सहकारीका सञ्चालकहरूलाई नै कार्ययोजना पेस गर्न लगाएर पुनः सञ्चालन गर्न दिने वा भएका सम्पत्ति र लगानी बिक्री गरी सर्वसाधारणको बचत फिर्ता गर्ने प्रक्रिया अघि बढाउनुपर्छ । ५ लाख रुपैयाँभन्दा बढी बचत हुनेहरूको हकमा 'नेगोसिएसन' गरेर राफसाफ गर्ने नीति अवलम्बन गर्न सकिन्छ ।

कानुनी अड्चन र महान्यायाधिवक्ताको भूमिका

मुद्दामामिलामा रहेका सहकारीको हकमा महान्यायाधिवक्ताले स्पष्ट प्रक्रिया बनाई ठगी कसुरको मुद्दा मेलमिलाप गर्न मार्गप्रशस्त गर्नुपर्छ । वास्तवमा सहकारी बचत हिनामिनाको मुद्दा सहकारी ऐनको व्यवस्थाअनुसार चल्नुपर्ने प्रकृतिको हो । तर, विशेष परिस्थितिमा नागरिकको बचत सुरक्षाका लागि यसलाई ठगी कसुरमा सरकारवादी मुद्दा बनाइयो । अहिले सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा संशोधन भई ठगी मुद्दा मात्र चलिरहेको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ बमोजिम मिलापत्र गर्न सकिने बाटो खुलेको छ ।

सरकारी वकिल कार्यालयबाटै पहल गरी प्रतिवादी ऋणीहरूलाई बोलाई पीडित बचतकर्ताको हितमा हुने गरी बिगो बराबरको नगद वा जेथा-सम्पत्ति असुल गरी मिलापत्र गराउन सकिन्छ । यसबाट वर्षौंदेखि बचत फिर्ता नपाएका पीडितले राहत पाउनेछन् भने मुद्दा खेपिरहेका तर बिगो तिर्न तयार ऋणीहरूले पनि निकास पाउनेछन् ।

मिलापत्रमा देखिएका तीन मुख्य द्विविधा र समाधानः

१. बिगोको गणनाः ऋणीको व्यक्तिगत बिगो र उसले प्रतिनिधित्व गर्ने कम्पनीको सामूहिक बिगो छुट्टाछुट्टै वा एकमुष्ट देखाइएको छ । यस्तोमा ऋणीले आफ्नो भागको बिगो तिर्न चाहेमा आंशिक मिलापत्र कसरी गर्ने भन्ने द्विविधा छ । यसका लागि ऋणीले व्यक्तिगत बिगो र कम्पनीमा रहेको आफ्नो सेयर अनुपातको बिगो बुझाएमा मिलापत्र गरी कुल बिगोबाट उक्त रकम घटाएर अभियोगपत्र संशोधन गर्ने व्यवस्था गर्नुपर्छ ।

२. पीडितको प्रतिनिधित्वः जाहेरवालाको संख्या अत्यधिक भएकाले सबैको वारिसनामा लिने कि नयाँ सञ्चालक समितिको निर्णयलाई मान्यता दिने भन्ने द्विविधा छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११८ अनुसार नयाँ सञ्चालक समिति वा पीडितहरूको भेलाले तोकेको प्रतिनिधिमार्फत मिलापत्रको हस्ताक्षर गराउन सकिन्छ ।

३. रकम व्यवस्थापनः सहकारीको खाता रोक्का रहेको अवस्थामा ऋणीबाट प्राप्त रकम कहाँ जम्मा गर्ने र कसरी वितरण गर्ने भन्ने समस्या छ। यसका लागि हाल कायम सञ्चालक समितिका पदाधिकारीको नाममा संयुक्त खाता खोल्न निर्देशन दिई अदालतमा रहेको धरौटी रकम पनि सोही खातामा स्थानान्तरण गर्ने व्यवस्था मिलापत्रमै उल्लेख गर्नुपर्छ ।

बचत फिर्ताको प्रस्तावित विधिः

मिलापत्रबाट संकलित रकम जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला प्रशासन कार्यालयको रोहवरमा मुचुल्का बनाई समानुपातिक रूपमा वितरण गर्नुपर्छ । वितरण गर्दाः

१ लाखसम्मका साना बचतकर्तालाई : शतप्रतिशत

१ लाखदेखि ५ लाखसम्मकालाई : ५० प्रतिशत

५ लाखदेखि १० लाखसम्मकालाई : २५ प्रतिशत

१० लाखदेखि २५ लाखसम्मकालाई : १० प्रतिशत

२५ लाखभन्दा माथिकालाई : १ प्रतिशत (वा उपलब्ध रकमको आधारमा तहगत वितरण)

कार्यालय सञ्चालन खर्चका लागि जम्मा रकमको बढीमा २ प्रतिशत छुट्याउन सकिन्छ ।

निष्कर्ष

आफ्नो गाँस काटेर भविष्यका लागि सहकारीमा रकम जम्मा गर्ने साना बचतकर्ताको सुरक्षा सरकारको पहिलो प्राथमिकता हुनुपर्छ । सञ्चालकहरूलाई थुनेर मात्र समस्या समाधान हुँदैन । उनीहरूलाई बचत फिर्ता गर्ने कार्ययोजनासहित निगरानीमा राखेर काम गर्न दिनु प्रभावकारी हुन सक्छ । पोखराको सूर्यदर्शन सहकारीलगायतले अपनाएको यो मोडलले सकारात्मक नतिजा दिएको देखिन्छ ।

सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा चलाउनु पर्ने अवस्था नभए पनि ठगी मुद्दामा मिलापत्र गरी समानुपातिक भुक्तानीको वातावरण बनाउन अदालत र सरकारी वकिल कार्यालयले सक्रियता देखाउनुपर्छ । अर्थतन्त्रको यो संकटपूर्ण घडीमा सबैको ध्यान निकासतर्फ जानु जरुरी छ । अब यस्तो समस्या लघुवित्त क्षेत्रमा पनि सर्न सक्ने भएकाले बेलैमा सचेत र सक्रिय हुनु आवश्यक छ ।

(लेखक न्यौपाने अधिवक्ता एवं माछापुच्छ्रे बैंकका पूर्व सञ्चालकसमेत हुन् ।)

# स्वास्थ्यमन्त्रीको निर्देशनमा सरकारी अस्पतालको अनुगमन तीव्र

कााँक्रेविहार संवाददाता

काठमाडौं, १५ असार

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको निर्देशनमा सरकारी अस्पतालहरूको सेवा प्रवाह, व्यवस्थापन तथा गुणस्तर सुधारको अवस्थाबारे अनुगमनलाई तीव्र बनाइएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गतको गुणस्तर मापन तथा नियमन महाशाखाको नेतृत्वमा आइतबार वीर अस्पताल, ट्रमा सेन्टर तथा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा अस्पताल सुधार कार्यक्रमअन्तर्गत भएका प्रगतिको स्थलगत अनुगमन गरिएको हो ।



अनुगमनका क्रममा अस्पतालहरूले प्रदान गर्ने स्वास्थ्य सेवा, सेवाग्राही सहजीकरण, भीड व्यवस्थापन, सरसफाइ तथा समग्र व्यवस्थापकीय पक्षको मूल्याङ्कन गरिएको मन्त्रालयले जनाएको छ । अनुगमनका क्रममा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा सुलभ फार्मेसी प्रभावकारी रूपमा सञ्चालन भइरहेको पाइएको छ । मन्त्रालयका अनुसार सुलभ फार्मेसीमार्फत सेवाग्राहीले गुणस्तरीय औषधि सस्तो तथा सहज मूल्यमा प्राप्त गर्न सक्नेछन् । मन्त्री मेहताको निर्देशनअनुसार ट्रमा सेन्टरले सोमबारदेखि सुलभ फार्मेसी सञ्चालन गर्ने भएको छ भने वीर अस्पतालमा समेत यही हप्ताभित्र सञ्चालनमा ल्याइने भएको छ । यसैगरी, अस्पतालहरूले उपलब्ध गराउँदै आएको १० प्रतिशत निःशुल्क सेवा, भीड व्यवस्थापन, सरसफाइ तथा सेवाको प्रभावकारिताबारे समेत निरीक्षण गरी आवश्यक सुधार तत्काल कार्यान्वयन गर्न निर्देशन दिइएको छ । यसैक्रममा, वीर अस्पतालले केडी जोशी बर्न युनिटलाई थप स्तरीय बनाउन आवश्यक सुधारका कार्य अघि बढाएको छ। साथै, बर्न उपचारमा संलग्न स्वास्थ्यकर्मी तथा कर्मचारीहरूलाई आवश्यक तालिमसमेत प्रदान गरिरहेको पाइएको छ ।

यसैगरी, भीड व्यवस्थापनलाई थप प्रभावकारी बनाउन शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा सेवा काउन्टरको संख्या ३ बाट ५ पुर्‍याइएको पाइएको छ । साथै, अस्पतालमा क्युआर प्रणालीमार्फत औषधिको उपलब्धताबारे सेवाग्राहीले सहज रूपमा जानकारी लिन सक्ने व्यवस्था रहेको मन्त्रालयले जनाएको छ वीर अस्पताल र टेकुमा भने क्युआर प्रणालीमार्फत नै बिरामीले आफ्नो रिपोर्टसमेत निकाल्न सक्नेछन् ।

## उपचारमा...

गरिएको विषय सत्य नभएको जनाएको छ । अस्पतालकी सूचना अधिकारी अनिता ज्ञवालीका अनुसार पहिलो एक्स-रे नियमित प्रक्रियाअनुसार भएको थियो । पछि थप परीक्षणका लागि पठाइएका बेला ड्युटीमा नरहेका अर्का कर्मचारी मदिरा सेवन गरेर एक्स-रे कक्षमा प्रवेश गरेका थिए ।

उनका अनुसार ती कर्मचारीले पहिले र पछि गर्नुपर्ने एक्स-रेको प्रिन्ट एकैपटक निकालिदिँदा भ्रम सिर्जना भएको हो । ड्युटीमा नभएका कर्मचारीले कार्यक्षेत्रमा प्रवेश गर्नु र मदिरा सेवन गरेर अस्पतालभित्र आउनु गम्भीर विषय भएकाले उनीसँग स्पष्टीकरण मागिएको तथा घटनाबारे सम्बन्धित मन्त्रालयलाई पनि जानकारी गराइने उनले बताइन् ।

तर बिरामीका अभिभावक मनिराम अधिकारीले अस्पताल प्रशासनले आफ्ना कर्मचारीको बचाउ गर्न खोजेको आरोप लगाएका छन् । अस्पतालभित्र जो काम गरिरहेको हुन्छ, बिरामीका लागि उही कर्मचारी हुने भन्दै उनले यस्तो घटनाले अस्पतालको सेवा प्रणालीमाथि नै प्रश्न उठाएको बताए ।

यस घटनालाई सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले पनि गम्भीर रूपमा लिँदै प्रदेश अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. गणेश थापालाई तत्काल छानबिन गर्न निर्देशन दिएका छन् । घटनाको सत्यतथ्य सार्वजनिक गर्दै दोषीमाथि कारबाही गर्नुपर्ने माग पनि उठ्न थालेको छ ।

# महिनावारी विभेद र बालविवाहमुक्त वडा घोषणा




❒ **कााँक्रेविहार संवाददाता**
जुम्ला, १५ असार

जिल्लाको तातोपानी गाउँपालिका आठ लाई महिनावारी विभेद तथा बालविवाहमुक्त वडा घोषणा गरिएको छ।

सामाजिक कुरीतिका रूपमा रहेका महिनावारी विभेद र बालविवाह अन्त्य गर्ने उद्देश्यका साथ आवश्यक १५ वटा सूचक र २० वटा प्रक्रिया पूरा गरेपछि आइतबार एक समारोहबीच वडालाई घोषणा गरिएको हो। यो तातोपानी गाउँपालिकाको दोस्रो महिनावारी विभेद तथा बालविवाहमुक्त वडा बनेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी केन्द्रीय सदस्य तथा पूर्व प्रतिनिधिसभा सदस्य विनिता कठायतले छोराछोरीबीचको विभेद, अभिभावकको असचेतना र पुराना सामाजिक सोचका कारण बालविवाह अझै चुनौतीका रूपमा रहेको बताइन्।

उनले महिनावारी भएका महिलालाई सुरक्षित बस्ने वातावरण, पोषिलो आहार र सम्मानजनक व्यवहार सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै घोषणा मात्र नभई त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताइन्।

विभेदमुक्त समाज निर्माण घरपरिवारबाटै सुरु गर्नुपर्ने उनको भनाइ थियो। वडा अध्यक्ष नरबहादुर रावतले सबै सरोकारवालाको सहकार्यबाट वडालाई घोषणाका लागि योग्य बनाउन सफल भएको बताए। उनले घोषणा दिगो बनाउन १० बुँदे घोषणापत्रसमेत सार्वजनिक गर्दै बालविवाह नगर्ने, नगराउने तथा महिनावारी विभेद अन्त्यका लागि सामूहिक प्रतिबद्धता जनाए।

गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले पाँच वर्षभित्र सम्पूर्ण तातोपानी गाउँपालिकालाई सबै प्रकारका विभेदबाट मुक्त बनाउने लक्ष्यका साथ अभियान सञ्चालन भइरहेको जानकारी दिए।

उपाध्यक्ष रेवती रावलले घोषणाको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवालाले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्ने बताइन्।

जिल्ला समन्वय समिति प्रमुख गौरीनन्द आचार्य, प्रमुख जिल्ला अधिकारी दीपक पौडेल तथा सामाजिक विकास कार्यालयका प्रमुख टोपबहादुर बुढाले सामाजिक रूपान्तरणका लागि यस्ता अभियान प्रभावकारी हुने विश्वास व्यक्त गर्दै घोषणाको दिगोपनामा जोड दिए।

गाउँपालिकाको समन्वयमा सर्वोदय नेपाल, किर्डाक नेपाल र सेभ द चिल्ड्रेनको सहयोगमा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएकाले वडाले आवश्यक सूचक पूरा गर्न सफल भएको जनाइएको छ।

कार्यक्रमका वक्ताहरूले घोषणालाई व्यवहारमा उतार्दै बालविवाह र महिनावारी विभेदरहित सभ्य समाज निर्माणका लागि निरन्तर जनचेतना, शिक्षा र सामुदायिक सहभागिता आवश्यक रहेको बताएका छन्।

# जनप्रतिनिधिलाई पनि छुवाछूत



❒ **कााँक्रेविहार संवाददाता**
हुम्ला, १५ असार

निर्वाचित दलित जनप्रतिनिधिले समेत जातीय छुवाछूत र विभेद भोग्नुपरेको गुनासो गरेका छन्। स्थानीय तहमा निर्वाचित भएर जनप्रतिनिधिको जिम्मेवारी सम्हाले पनि गैरदलित समुदायका घरमा जाँदा घरभित्र प्रवेश गर्न नपाउने र बाहिरै बसेर खाना खानुपर्ने अवस्था अझै कायम रहेको उनीहरूले बताएका छन्।

सिमकोट गाउँपालिका सातकी वडा सदस्य रुप्सी सुनारले गाउँ-गाउँमा सिंहदरबार पुगेको भनिए पनि दलित समुदायले अझै संविधानले प्रत्याभूत गरेको समानताको अधिकार व्यवहारमा पाउन नसकेको बताइन्।

२०७९ सालको स्थानीय तह निर्वाचनमा निर्वाचित भएपछि दलित अधिकारका विषयमा पटक-पटक आवाज उठाए पनि सम्बन्धित निकायले गम्भीर चासो नदिएको उनको भनाइ छ।

उनका अनुसार आफू जनप्रतिनिधि हुँदाहुँदै पनि कतिपय घरमा प्रवेश गर्न नपाउने, सँगै बसेर खाना खान नदिने र धार्मिक तथा सांस्कृतिक कार्यक्रममा समान सहभागिता नदिने जस्ता विभेदपूर्ण व्यवहार अझै जारी छन्। यस्तो समस्या केवल आफ्नो मात्र नभई जिल्लाका अधिकांश दलित समुदायले भोग्दै आएको उनले बताइन्।

हुम्लाका विभिन्न गाउँपालिकामा अझै पनि दलित समुदायका नागरिकले अरूका घरमा जाँदा बाहिरै बसेर खाना खानुपर्ने अवस्था रहेको उनको दाबी छ। संविधान र कानुनले जातीय छुवाछूतलाई दण्डनीय अपराध घोषणा गरे पनि ग्रामीण क्षेत्रमा यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको उनीहरूको गुनासो छ।

वडा सदस्य सुनारले दलित समुदायमाथिको विभेद अन्त्य गर्न स्थानीय सरकार, प्रशासन र सरोकारवाला निकायले कानुनको प्रभावकारी कार्यान्वयन, जनचेतना अभिवृद्धि तथा दोषीमाथि कडा कारबाही गर्नुपर्नेमा जोड दिइन्। उनले समानता र सामाजिक न्याय व्यवहारमै लागू नभएसम्म दलित समुदायले सम्मानपूर्ण जीवन बिताउन नसक्ने बताइन्।

# किसान अधिकार सुनिश्चित गर्न सरकारसँग माग

❒ **कााँक्रेविहार संवाददाता**
नेपालगञ्ज, १५ असार

बाँकेमा क्रियाशील मानव अधिकारकर्मी तथा नागरिक सङ्घ-संस्थाका अगुवाहरूले राष्ट्रिय धान दिवसलाई सरकारले औपचारिकतामा सीमित गरेको भन्दै किसानका आधारभूत अधिकार सुनिश्चित गर्न माग गरेका छन्। असार १५ अर्थात् राष्ट्रिय धान दिवस तथा रोपाइँ दिवसको अवसरमा संयुक्त विज्ञप्ति जारी गर्दै उनीहरूले धान रोपाइँको मुख्य समयमा पनि किसानले मल, बिउ, सिँचाइ, कृषि ऋण तथा बजार व्यवस्थापनको समस्या भोग्नुपरेको भन्दै तत्काल प्रभावकारी कदम चाल्न सरकारलाई आग्रह गरेका हुन्।

विज्ञप्तिमा कृषि क्षेत्र राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड भए पनि किसानहरू अझै आधारभूत आवश्यकताबाट वञ्चित रहेको उल्लेख गरिएको छ।

रासायनिक मलको अभाव, गुणस्तरीय बिउ नपाइनु, सिँचाइको कमी तथा उत्पादनको उचित बजार नहुनुजस्ता समस्या दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने उनीहरूको भनाइ छ।



मानव अधिकारकर्मीहरूले यी समस्याले किसानको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, खाद्य अधिकार तथा जीविकोपार्जनको अधिकारमा प्रत्यक्ष असर पारिरहेको उल्लेख गरेका छन्।

संविधानले सुनिश्चित गरेका खाद्य, रोजगारी र सामाजिक न्यायका अधिकार व्यवहारमा कार्यान्वयन गर्न राज्य जिम्मेवार हुनुपर्ने उनीहरूको जोड छ। उनीहरूले पाँच बुँदे माग अघि सार्दै मल, बिउ र सिँचाइको समयमै उपलब्धता, कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य बाली लगाउनुअघि नै निर्धारण, कृषि बिमा र राहत कार्यक्रमको प्रभावकारी कार्यान्वयन, भूमिहीन तथा सीमान्तकृत किसानको पहुँच सुनिश्चितता तथा कृषि बजेटको पारदर्शी कार्यान्वयन माग गरेका छन्।

मानव अधिकारकर्मीहरूले असार १५ लाई केवल सांस्कृतिक उत्सवका रूपमा नभई किसानका समस्या समाधान गर्ने अवसरका रूपमा लिनुपर्ने बताएका छन्।

विज्ञप्तिमा हस्ताक्षर गर्नेहरूमा वरिष्ठ अधिवक्ता सुनिलकुमार श्रेष्ठ, अधिवक्ता विकास आचार्य, अधिवक्ता वसन्त गौतम, इन्सेकका भोला महत, अधिकारकर्मी प्रकाश उपाध्याय, अधिवक्ता बलबहादुर चन्द, दलित महिला सङ्घकी अध्यक्ष निर्मला सुनारलगायत रहेका छन्।

# महिनौदेखि औषधि अभाव

❒ **कााँक्रेविहार संवाददाता**
सल्यान, १५ असार

जिल्ला अस्पताल तथा पालिका स्तरीय स्वास्थ्य संस्थामा विगत तीन महिनादेखि प्रेसर, सुगर, मानसिक रोग तथा परिवार नियोजनका लागि प्रयोग हुने निःशुल्क औषधिको अभाव भएको छ।

कर्णाली प्रदेश सरकारले समयमै औषधि आपूर्ति नगर्दा जिल्लाभरका सयौं दीर्घरोगी प्रभावित भएका छन्। नियमित सेवन गर्नुपर्ने औषधि स्वास्थ्य संस्थामा उपलब्ध नभएपछि बिरामीहरू निजी मेडिकलबाट महँगो मूल्यमा औषधि खरिद गर्न बाध्य भएका छन्।

बन्गाड कुपिण्डे नगरपालिका नौका ५३ वर्षीय प्रेम बुढाले स्वास्थ्य संस्थाबाट पाउने निःशुल्क औषधि नपाउँदा प्रत्येक महिना एक हजार रुपैयाँभन्दा बढी खर्च गरेर औषधि किन्नुपरेको बताए।

नजिकका मेडिकलमा समेत आवश्यक औषधि उपलब्ध नहुँदा सदरमुकाम खलंगा पुग्न आउजाउमै तीन सय रुपैयाँसम्म खर्च हुने गरेको उनले बताए। यसले आर्थिक भारसँगै बिरामीलाई थप सास्ती पनि दिएको उनको भनाइ छ। शारदा नगरपालिका दुईकी एक मानसिक रोगी महिलाले सरकारले निःशुल्क औषधि उपलब्ध गराउने व्यवस्था भए पनि अस्पतालमा जाँदा पटक-पटक रित्तो हात फर्किनुपरेको गुनासो गरिन्।

आर्थिक अभावका कारण समयमै औषधि किन्न नसक्दा केही दिन औषधि सेवन नै छुट्ने गरेको उनले बताइन्। यसले स्वास्थ्य अवस्थामै असर पर्ने गरेको उनको भनाइ छ।

कपुरकोट गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुवास हमालका अनुसार पालिकाका सबै स्वास्थ्य संस्थामा सुगर, प्रेसर, मानसिक रोग तथा परिवार नियोजनका औषधिको अभाव छ। औषधि नहुँदा पालिकाभित्रका करिब तिन सय दीर्घरोगी प्रभावित भएका छन्। दार्मा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख यज्ञबहादुर बस्नेतले पनि प्रदेशबाट प्रत्येक वर्ष औषधि ढिलो आउने समस्या दोहोरिने गरेको बताए।

बिरामीले दैनिक औषधिबारे सोध्ने गरे पनि सन्तोषजनक जवाफ दिन नसकिएको उनले बताए। स्वास्थ्य सेवा कार्यालय सल्यानका प्रमुख डा. अर्जुन बुढा मगरले प्रदेश सरकारले उपलब्ध गराउनुपर्ने ९८ प्रकारका निःशुल्क औषधिमध्ये प्रेसर, सुगर र मानसिक रोगका औषधि हालसम्म नआएकाले बिरामीलाई निजी मेडिकल वा अस्पतालको फार्मेसीबाट खरिद गर्नुपर्ने अवस्था सिर्जना भएको बताए।

कर्णाली प्रदेश सरकार अन्तर्गतको स्वास्थ्य विभागले औषधि खरिद प्रक्रियामा ढिलाइ भएकाले आपूर्ति रोकिएको स्वीकार गर्दै अब दुई-तीन दिनभित्र जिल्लामा औषधि पठाइने जनाएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# बजेटमाथि राजनीतिक विवाद, सभामै अट्किकयो



❑ काँक्रेविहार संवाददाता
धनगढी, १५ असार

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेट अझै प्रदेश सभामा टेबुल हुन सकेको छैन ।

बजेट सार्वजनिक भएको दुई सातासम्म पनि छलफल प्रक्रिया अघि बढ्न नसकेपछि प्रदेशको राजनीतिक गतिरोध झनै गहिरिएको छ ।

असार एक गते मध्यरातमा बजेट प्रस्तुत भए पनि विनियोजन विधेयक र अर्थ विधेयक सभामा टेबुल नगरिएकाले बजेटमाथि औपचारिक छलफल सुरु हुन सकेको छैन ।

बजेटप्रति सत्ता पक्षमै असन्तुष्टि देखिएपछि सरकार दबाबमा परेको बताइएको छ । प्रदेश सभामा बजेट टेबुल भएपछि मात्र ७२ घण्टाको संशोधन समय रहने र त्यसपछि मात्रै छलफल सुरु हुने प्रावधान छ । तर हालसम्म बजेट नै टेबुल नभएकाले सभाको बैठकसमेत तय हुन सकेको छैन ।

प्रदेश सभा सचिवालयका सचिव देवबहादुर बोगटीका अनुसार कार्य व्यवस्था परामर्श समितिको बैठक बसे पनि सत्तापक्षबीच सहमति नजुट्दा बैठकको मिति तय हुन नसकेको हो । सत्ता साझेदार दल नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले बजेट संशोधनको माग गर्दै दबाब बढाएको छ । माग पूरा नभए सरकारबाट बाहिरिने चेतावनी समेत दिइएको छ ।

प्रमुख प्रतिपक्षी दल नेकपाका प्रदेश सभा सदस्य तथा सार्वजनिक लेखा समिति सभापति अक्कलबहादुर रावलले सरकार बजेट असफल हुने डरले नै सभामा टेबुल गर्न नसकेको आरोप लगाएका छन् । उनका अनुसार बजेट प्रस्तुत भइसके पनि छलफल नहुनु अस्वाभाविक अवस्था हो । प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ३७ करोड ७० लाख रुपैयाँको बजेट प्रस्तुत गरेको भए पनि राजनीतिक विवादका कारण प्रक्रिया अघि बढ्न सकेको छैन ।

# समावेशी योजनामा समीक्षा

❑ काँक्रेविहार संवाददाता
डोल्पा, १५ असार

जिल्लाको त्रिपुरासुन्दरी नगरपालिकाले लैङ्गिक उत्तरदायी तथा अपाङ्गता समावेशी (GEDSI) पाँचवर्षीय योजना समीक्षा तथा अध्यावधिक कार्यशाला सम्पन्न गरेको छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) शाखाको आयोजनामा भएको कार्यशालामा समावेशी स्थानीय शासनलाई थप प्रभावकारी बनाउने विषयमा छलफल गरिएको हो ।

कार्यशालामा हालसम्म कार्यान्वयन भएका GEDSI कार्यक्रमको समीक्षा गर्दै आगामी नीति, योजना र बजेट निर्माण प्रक्रियामा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने विषयमा सुझाव संकलन गरिएको थियो ।

स्वास्थ्य शाखा संयोजक थानेश्वर पनेरुले समावेशी विकासका लागि सम्बन्धित शाखाले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्नेमा जोड दिए । सेवा प्रवाहदेखि योजना कार्यान्वयनसम्म समावेशितालाई व्यवहारमा लागू गर्नुपर्ने उनको भनाइ थियो । प्रमुख प्रशासकीय अधिकृत राजु कुँवरले कार्यशालाबाट तयार हुने योजना कार्यान्वयनमुखी हुनुपर्ने उल्लेख गर्दै समावेशी नीतिलाई प्रभावकारी बनाउन सबै शाखा र सरोकारवालाबीच समन्वय आवश्यक रहेको बताए ।

नगर उपप्रमुख देवी घर्तीले स्थानीय सरकारका नीति, योजना र बजेटमा लैङ्गिक समानता तथा अपाङ्गता समावेशीकरणलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइन् ।

महिला तथा बालबालिका शाखा प्रमुख शान्ति महताराले GEDSI नीति वा दस्तावेजमा मात्र सीमित नभई स्थानीय सरकारका हरेक निर्णय, योजना र सेवा प्रवाहमा प्रतिबिम्बित हुनुपर्ने बताइन् ।

महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्न सके मात्र समावेशी विकास सम्भव हुने उनको भनाइ थियो ।

सुस्वा परियोजनाका संयोजक धनप्रसाद बुढाले युरोपेली संघ र फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित परियोजनाले स्थानीय तहमा समावेशी योजना निर्माण तथा संस्थागत सुदृढीकरणमा सहकार्य गर्दै आएको जानकारी दिए ।

कार्यशालामा जनप्रतिनिधि, कर्मचारी, शिक्षक, किशोरी, खानेपानी समूह, सामाजिक अभियन्ता तथा विकास साझेदार संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो । सहभागीहरूले यस्ता कार्यशालाले स्थानीय तहका नीति तथा योजनालाई थप समावेशी, उत्तरदायी र दिगो बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं ।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५

## कार्यक्रम कार्यान्वयन एकाइ अछामको सूचना

- कार्यक्रम कार्यान्वयन एकाइ, अछामबाट सञ्चालित विकास निर्माणका योजना तथा कार्यक्रमलाई गुणस्तरीय, पारदर्शी र समयमै सम्पन्न गर्न सबै सरोकारवालाको सक्रिय सहयोग आवश्यक रहेको जानकारी गराइन्छ ।
- निर्माण कार्य सञ्चालन भइरहेका स्थानमा अनावश्यक अवरोध नगर्न, निर्माण सामग्रीको सुरक्षा गर्न तथा गुणस्तरीय कार्यान्वयनका लागि स्थानीय समुदाय, जनप्रतिनिधि, उपभोक्ता समिति तथा सम्बन्धित निकायबीच समन्वय कायम गर्न अनुरोध गरिन्छ ।
- योजनासम्बन्धी कुनै गुनासो, सुझाव वा जानकारी भएमा कार्यक्रम कार्यान्वयन एकाइ, अछाम वा सम्बन्धित स्थानीय तहमा सम्पर्क गरी जानकारी गराउन अनुरोध छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
अछाम




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोन: ०८३-५९०१११/९८५१३४५७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)